महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

सैनामैना नगरपालिका, रुपन्देही

८०५४८४०५३००

सैनामैना नगरपालिका , रुपन्देही



CamScanner

# परिचय

१

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस सैनामैना नगरपालिकामा ११ वडारहेको छ भने क्षेत्रफल१६२.१८ वर्ग किलोमिटर तथा ७८३९३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१८। देखि २०८०।८। २२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ११८६१४७९१०। को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ... असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|



CamScanner

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

**आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरण परीक्षणः**

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः



CamScanner

## प्राप्ती भुक्तानी हिसाब

| विवरण | यस वर्ष रु. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | १,०२,४८,७८,६४०.८५ | ७५,०७,४०,०५०.५९ | ७५,०७,४०,०५०.५९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ९६,६९,१९,८८६.०० | ७२,२८,७४,१६७.१९ | ७२,२८,७४,१६७.१९ |
| ११००० कर | २४,८३,१२,७७४.०० | १९,६८,६२,०७५.६१ | १९,६८,६२,०७५.६१ |
| १३००० अनुदान | ५५,६५,७३,२००.०० | ४८,४९,०१,८०३.५७ | ४८,४९,०१,८०३.५७ |
| संघीय सरकार | ५०,८०,३२,२००.०० | ४४,३०,२४,८१६.५७ | ४४,३०,२४,८१६.५७ |
| प्रदेश सरकार | ४,८५,४१,०००.०० | ४,१८,७६,९८७.०० | ४,१८,७६,९८७.०० |
| १४००० अन्य राजस्व | ७,९७,००,०००.०० | ४,११,१०,२८८.०१ | ४,११,१०,२८८.०१ |
| १५००० विविध प्राप्ति | १,४६,६३,६८६.०० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ६,७६,७०,२२६.०० | ० | ० |
| ख. अन्य प्राप्ति | ५,७९,५८,७५४.८५ | २,७८,६५,८८३.४० | २,७८,६५,८८३.४० |
| वितरण गर्न बाकी राजस्व | ० | १,३८,७६,१८५.४० | १,३८,७६,१८५.४० |
| कोषहरु | ५,७९,५८,७५४.८५ | ० | ० |
| धरौटी | ० | १,३९,८९,६९८.०० | १,३९,८९,६९८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | १,०२,४८,७८,६४०.८५ | ८२,४९,९४,१००.७८ | ८२,४९,९४,१००.७८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ९६,६९,१९,८८६.०० | ७८,२१,७४,७१४.७८ | ७८,२१,७४,७१४.७८ |
| २१००० पारिश्रमिक / सुविधा | २९,०९,८४,०००.०० | २५,८५,७२,६३९.१८ | २५,८५,७२,६३९.१८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १९,९४,५६,७००.२४ | १४,५९,८९,२९८.६१ | १४,५९,८९,२९८.६१ |
| २५००० सहायता (Subsidy) | ३,४९,३८,१२६.०० | ३,२४,०७,०५५.०० | ३,२४,०७,०५५.०० |
| २६००० अनुदान | २७,९६,०००.०० | २७,५०,५९७.०० | २७,५०,५९७.०० |
| २७००० सामाजिक सुरक्षा | १,३८,३५,०००.०० | १,२३,३३,६८१.०० | १,२३,३३,६८१.०० |
| २८००० अन्य खर्च | ४७,२८,५००.०० | ३५,२२,९२९.०० | ३५,२२,९२९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ४२,०१,८१,५५९.७६ | ३२,६५,९८,५१४.९९ | ३२,६५,९८,५१४.९९ |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० |
| घ. अन्य भूक्तानी | ५,७९,५८,७५४.८५ | ४,२८,१९,३८६.०० | ४,२८,१९,३८६.०० |
| कोषहरु | ५,७९,५८,७५४.८५ | ३,६४,६८,२०७.०० | ३,६४,६८,२०७.०० |
| धरौटी | ० | ६३,५१,१७९.०० | ६३,५१,१७९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |





CamScanner

| | | | |
|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (७,४२,५४,०५०.१९) | (७,४२,५४,०५०.१९) |
| घ. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २०,५७,७१,५०५.८५ | २०,५७,७१,५०५.८५ |
| वर्षान्तको बाकी रकम (ङ + घ) | | १३,१५,१७,४५५.६६ | १३,१५,१७,४५५.६६ |
| बैंक तथा नगद बाकी | | १४,५७,३०,९७१.२६ | १४,५७,३०,९७१.२६ |

सैद्धान्तिक बेरुजु

३.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १६१३७१०७०।- मौज्दात रहेकोमा यो वर्ष रु. २०५७७१५०५।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४४४००४३५।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६१७४६९५९।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ५६०८८८८४।-, र एकीकृत सरसफाई कार्यक्रम रु. १४३५९४३।- समेत गरी रु.३४९२७२७८६।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**बजेट तथा कार्यक्रमः**

.१ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

.२ **बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख श्री विना रानाले मिति २०७९।३।१०मा रु. १ अर्ब २१ करोड ८२ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु



https://pams.oag.gov.np
CamScanner

४.२ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | 323366 | 6917 | 26027 | 73017 | २१७४०५ | 142384 |
| प्रतिशत | 100.00 | 2.14 | 8.05 | 22.58 | 67.23 | 44.03 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ३२३३६६०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा २.१४ प्रतिशत, दोस्रो त्रैमासिकमा ८.०५ प्रतिशत, तेस्रो त्रैमासिकमा २२.५८ प्रतिशत र चौथो त्रैमासिकमा ६७.२३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ४४.०३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ३३८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| 1. | रु.१ लाखभन्दा कमको योजना | 20 | 1244 |
| 2. | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | 81 | 49444 |
| 3. | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | 28 | 22496 |
| 4. | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | 22 | 49918 |
| 5. | रु. ५० लाख भन्दा माथिका | 10 | 131549 |
| | जम्मा | 161 | 254651 |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६१ योजनामात्र कार्यान्वयन भई ७७ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।



CamScanner

सैद्धान्तिक बेरुजु

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 78722 | 583090 | 44.61 |
| २ | पूर्वाधार विकास | 286822 | 220297 | 16.86 |
| ३ | सामाजिक विकास | 339405 | 296093 | 22.66 |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 27007 | 187631 | 14.36 |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 235063 | 19844 | 1.52 |
| जम्मा | | 967019 | 1306955 | 100.00 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ९६७०१९०००।- मा सबैभन्दा घटी कार्य सञ्चालन तथा प्रशासनिनक क्षेत्रमा १.५२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा बढीमा ४४.६१ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

.६ **लक्ष्य प्रगति-** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २६१ | ० | ० | ० | २६१ |

सैद्धान्तिक बेरुजु

**आर्थिक सहायता र अन्य विविध खर्च तथा प्रधानमन्त्री रोजगारः**

१ **विविध खर्च–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३९३०१०४।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १६४६०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ८९००४५६।- को १८.४९प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

CamScanner

सैद्धान्तिक बेरुजु

५.३ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा विभिन्न योजना सञ्चालन गरी यस वर्ष ३९ जनालाई औसत २४दिन ६९ दिन सम्म रोजगारी उपलब्ध गराई रु.२६८५११२५।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक आय तथा शुल्क असूलीः**

६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,३६,८०००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.८९००४५६७।- अर्थात अनुमान भन्दा ३४.९३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८०८८४७९७ | ८९००४५६७ | १८.५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १८.५० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।



CamScanner

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | जम्मा आम्दानी |
|---|---|---|---|
| १ | सम्पत्ती बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १००००० | २६०४१५ |
| २ | भूमिकर/मालपोत | ५०००००० | १०१२७४४ |
| ३ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | ९६००००० | 0 |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | १५०००० | ४९०३६ |
| ५ | नक्सापास दस्तुर | १००००० | ८२६९ |
| ६ | सिफारिश दस्तुर | ३०००००० | २१७७६५७.९८ |
| ७ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००० | 0 |
| ८ | नाता प्रमाणित दस्तुर | १५०००० | 0 |
| ९ | अन्य दस्तुर | २००००० | ६२०६८१.०२ |
| १० | न्यायिक दण्ड जरिवाना र जफत | ५०००० | 0 |
| ११ | व्यवसाय कर | १५०००० | २३२२०० |
| जम्मा | | १८५५०००० | ४३६१००३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

.४ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ११ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. २९४३४२८१।- असुली भएकोमा रु. २९४३४२८१।- नै दाखिला भएको भएको छ ।

| वडा नं. | आय शिर्षक | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | 4608654 | 4608654 | 0 |
| १२ | आन्तरिक आय | 3747589 | 3747589 | 0 |
| पालिका | आन्तरिक आय | 21078038 | 21078038 | 0 |
| | जम्मा | 29434281 | 29434281 | |

• पालिकामा संकलन हुने वडा तथा पालिकाको राजश्व स्वचालित प्रणाली (साङ्ग्रीला) प्रयोग गरी संकलन गरेको पाइयो ।

• स्वाचालित प्रणालीले तयार पारेको मासिक तथा वार्षिक प्रतिवेदन अनुसार दाखिला रकम भिडे पनि वडाहरुको चलानी किताबबाट चलानी नम्बर अनुसार राजश्व स्वचालित प्रणालीमा प्रविष्ट गरे नगरेको यकिन हुन पालिकाले सबै वडा कार्यालयको परीक्षण गरी यकिन

https://nams.oag...

CamScanner

गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ६४०३२०५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**योजना, कन्टिन्जेन्सी, सार्वजनिक परीक्षणः**

७.१ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ र ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९।०८० मा कन्टीन्जेन्सी बापत रु २२०६५७५।- कट्टी गरी रु. ७११४३६।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

७.२ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३२३३६६०००।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले ३ पटक सार्वजनिक परीक्षण गराइ रु. १५००००।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

८ **कानून निर्माण एवं कार्यान्वयनः**

८.१ **कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।



CamScanner

वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले सवै कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेको छ ।

सैद्धान्तिक बेरुजु

२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३८ र यो वर्ष थप भएको ४१ गरी कुल ७९ विवाद दर्ता भएकोमा ४० वटा मात्र फर्स्यौट भई ३९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**संगठन तथा कर्मचारी व्यवस्थापनः**

९.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, प्रशासन अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **सेवा प्रवाह विवरणः**

**सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन–कुनमा हो भनी यकिन हुन सकिएन ।



CamScanner

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | ३५१३ |
| घरबाटो सिफारिष | ३४७४ |
| नागरिकता सिफारिष | ३६९७ |
| नाता प्रमाणित | ११९७ |
| अन्य | १९९४१ |

सैद्धान्तिक बेरुजु

१ **सम्पत्ति उपयोग र संरक्षणः**

**सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएका व्यहोरा निम्न छन्

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या | विभिन्न | ३ | - | ४६८९.७६ व.मि. |
| सवारी साधन मोटर साइकल | ०७९।८० | ७ | १७८७४०० | |

- पालिकाले विभिन्न चालु हालतमा नरहेका र मर्मतसम्भार गर्दा खर्च रकम २५ प्रतिशत भन्दा बढी लाग्ने मालसामानहरु लिलाम विक्रि गर्नुपर्नेमा गरेको पाइएन ।

- पालिकाले विद्युतिय सामानको PAMS प्रणालीमा जिन्सी दाखिला गर्दा पूर्णरुपमा स्पेशिफिकेशन जस्तैः सिरियल नं., आइएमइआइ नं., तथा Product ID नखुलाइ दाखिला गरेको पाइयो ।

- पालिलकाले PAMS प्रणालीको प्रयोग गरी सहायक जिन्सी खाता तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

१२ **करार कर्मचारी :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफनो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको र सेवा करारबाट लिइने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र आस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा करार कर्मचारी राखी रु १५६८४०२०।खर्च लेखेको छ । त्यसै गरी दफा ८३ को उफदफा ८ मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेकट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाइ सम्वन्धी पदमा स्थायी पदपुर्ति नगरी करार सेवाबाट लिन सकिने व्यवस्था छ ।पालिकाले माथि उल्लेखित पद वाहेक अन्य विभिन्न पदमा काररमा १५जना नियक्त गरी रु ६६३१३३९।खर्च लेखेको नियमसम्मत नेखिएको रु



CamScanner

| अनियमित भएको | ६६,३१,३३९ |
|---|---|

**अवकाश कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. ५०००००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गरेको अनियमित देखिएको रु

| अनियमित भएको | ५,००,००० |
|---|---|

**समयोजन ग्रेड :**

कर्मचारी समायोजन ऐन २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाइ प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधी भएका कर्मचारीको स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइयन ।पालिकाले कार्यरत ७ जना कर्मचारीलाइ समायोजन ग्रेड दिने पालिकाको निर्णयले रु ४९४६५०। बढी व्ययभार परेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**प्रोत्साहन भत्ता :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन संचालन व्यवस्थापन सेवाको शर्त सुविधा सम्वन्धीत आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६(२) मा अन्य व्यवस्था स्थानीय तहले बनायको कानुन बमोजिम हुने व्यवस्था छ ।संघीय निजामती सेवा ऐन बनिनसकेको तथा संघीय तथा प्रदेश निजामती सेवा ऐनले नतोक्दै पालिकाले सैनामैना नगरपालिकाको कार्य सम्पादनमा आधारीत प्रोत्साहन सुविधा उपलव्ध गराउने कार्यविधि सम्वन्धी ऐन २०७६ बनाइ कार्यरत कर्मचारीलाइ शुरु तलव स्केलको १० प्रतिशतका दरले रु ४४१७६४०।प्रोत्साहान भत्ता खर्च लेखेकोले पालिकालाइ थप व्ययभार परेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **आर्थिक सहायता :**

स्थानीय सरकार संचालन ऐन २०७४ मा आर्थिक सहायता दिन पाउने व्यवस्था छैन ।पालिकाले सैनामैना नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०७७ तयार गरी नगर प्रमुखको तोक आदेशबाट यो वर्ष आर्थिक सहायतामा रु १६४७०००। खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **करार कर्मचारीको सामाजिक सुरक्ष कोष :**

योगदानमा आधारित समाजिक सुरक्षा नियमावली २०७५ को नियम ३ मा सरकारी कोषबाट पारीश्रमीक पाउने व्यक्तीले ऐनको दफा १० बमोजिम सामाजिक आयोजना मध्ये नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरी तोकीए बमोजिमका सुरक्षा योजनामा सहभागी हुन सक्ने व्यवस्था छ । त्यस्तै सैनामैना नगरपालिकाका कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन कार्यविधि २०७८ स्वीकृत गरेको छ । स्वीकृत कार्यविधिको वुदा न ४ मा नगरपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदान कर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने उल्लेख गरेको छ। कार्यविधिको वुदा न ३ मा सैनामैना नगरपालिका नगरपालिकाको कार्यालयले तलव भुक्तान गर्ने करार कर्मचारीहरुलाइ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु सैनामैना नगरपालिका नगर कार्यपालिकाको जिम्मेवारी रहने उल्लेख गरेकोमा

https://nams.nao.gov

CamScanner

पालिकामा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुलाइ योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा आवद्ध नगरी केही कर्मचारीलाइ मात्र आवद्ध गरेको छ ।नगरपालिकाले यस वर्ष योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा ३७ जना कर्मचारीहरुको लागि यस वर्ष रु २५६६६०५। खर्च लेखेको छ । पालिकाको आन्तरिक श्रोतबाट सबै कारार कर्मचारीहरुको योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा आवद्ध गराइ पालिकाको तर्फबाट २० प्रतिशत रकम थप गरी सामाजिक कोषमा जम्मा गर्ने कार्य जटील तथा अनियमित देखिएको रु २५६६६०५।

| अनियमित भएको | २५,६६,६०५ |
|---|---|

१८ **दुग्ध उत्पादक कृषक तथा सहकारी संस्थालाई प्रोत्साहन :**

दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि २०७९ को बुदा ४ (ज) मा अनुदान रकम प्राप्त गर्नको लागि सहकारी संस्थाबाट छनोट भएका कृषकहरुलाई सहकारी संस्थाहरुमा दुध संकलन रेकर्ड तथा अडिट रिपोर्टका आधारमा प्रति लिटर दुधको परल मुल्यमा रु १ अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले गो भौ न ६२२।०७९।११।११ बाट निम्न कृषी सहकारी संस्थालाइ प्रोत्साहन अनुदान दिएकोमा छनोट भएका सहकारी संस्थाहरुले दुध उत्पादक संकलनको विवरण पेश गरी अनुदान दिएकोमा दुध संकलनको अडिट प्रतिवेदन र दुग्ध उत्पादनक सहकारी संस्थामा आवद्ध कृषकहरुले अनिवार्य पशु विमा गरेको हुनुपर्ने उल्लेख भएकोमा पशुको विमा तथा अडिट प्रतिवेदन पेश गरेको छैन ।

| दुध उत्पादन अनुदान पाउने कृषि सहकारी संस्था | अनुदान रकम |
|---|---|
| बोलबम महिला दुध उत्पादक सहकारी सहकारी संस्था | २५५६९४। |
| श्रीसालझुण्डी दुध उत्पादक सहकारी संस्था | १२४३८७९। |
| तिनधारा दुध उत्पादक सहकारी संस्था | ७३७२८७। |
| साना किसान कृषि सहकारी संस्था | ७३७२१। |
| जम्मा | २३१०५८१। |

| सैद्धान्तिक बेरुजु |
|---|

१९ **मेला पर्व खर्च :**

पालिकाले स्थानीयको धर्म संस्कृत अनुसार माघी महोत्सवमा रु ५५००००।मेला दिवसमा रु ६०००००। चाडपर्व मनाउनको लागि अनुदान दिएकोले पालिकाको बजेटबाट अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **अनुदात तथा वितरण :**

नगरपालिकाले साना सिंचाइ कार्यक्रमको लागि पम्पीसेट लगायतका कृषि उपकरण, पशुपालनका लागि विभिन्न घांसका विउ वितरण माहुरी पालन तरकारी विउ वितरणको लागि पालिका तथा वडा स्तरीय कार्यक्रममा बजेट विनियोजन गरी कृषक तथा कृषि सहकारीलाइ वितरण गरेको छ । पालिकाले कृषक तथा कृषक समुहको माग अनुसार छनोट गरी अनुदान वितरण गरेकोमा उक्त अनुदान रकमबाट स्वीकृत कार्यक्रमको उद्देश्य अनुसार संचालन गरे नगरेको नियमित अनुगमन गरी प्रतिवेदन लिनुपर्नेमा प्रतिवेदन लिने गरेको देखियन । अनुदान तथा वितरण गरेका केही विवरण निम्नानुसर रहेको छन :

CamScanner

| भौ नं | वितरण कार्यक्रम | अनुदान रकम |
|---|---|---|
| २६४।७।३ | हिउँदे घाँसको बिउ वितरण | ४६२०००। |
| ३५२।७।२८ | तरकारी किट वितरण | २१००८०। |
| ६५४।११।११ | तरकारी सिड किट वितरण | ३०७०००। |
| ६७९।१२।२ | पम्पसेट वितरण | ६९४१२४। |
| ६९१।१२।२ | बर्षे घाँसको वितरण | ४८००००। |
| ८८४।१।२४ | महुरीपालन | ११८०००। |
| ७५३।१।२४ | खेलकुदका सामान वितरण | १०००००। |
| ७५५।३।२१ | खेलकुदका सामान वितरण | १०००००। |
| ९७७।२।१३ | झोला वितरण | २०००००। |
| ९५६।२।९ | खेलकुदका सामान वितरण | १४९०६८। |
| जम्मा | | २९८०२७२। |

सैद्धान्तिक बेरुजु

**सोझै खरिद :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख भन्दा बढिको लागत अनुमान भएका निर्माण कार्य मालसामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्रीमा रु ७० लाख प्रतिस्पर्धा वेगर सोझै खरिद गरेको छ । खरिद गर्दा खरिद नियमको पालना गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

**लागत अनुमान तयार नगरी खर्च :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ सार्वजनिक निकायले कुनै पनि खरिद कार्यको लागि निर्माण कार्यको हकमा वाहेक एक लाख भन्दा बढीको लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।पालिकाले ५ वटा वडाहरुमा डिजिटल घर नम्वर प्लेट आपुर्ति जडान कार्यको लागि लागत अनुमान तयार नगरी बजेटको आधारमा प्रस्ताव माग गरी पश्चिमाञ्चल एडभरटाईजिङसंग सम्झौता गरी रु ९८८०८३। खर्च लेखेको छ । खरिद ऐन विपरीत लागत अनुमान तयार नगरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | ९,८८,०८३ |
|---|---|

२३ **परामर्श खर्च :**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्यक्रमको नाम परमर्शदाताको नाम खर्च

दिगो विकास लक्ष्यको स्थानीयकरण आरम्भ कन्सलटेन्सी प्रा ली ४९१५५०

घर नक्सापास सम्वन्धी सफटवयेर निर्माण सफटवेयर हव नेपाल प्रा ली ४९८३३०

वडामा डिजिटल घर नम्वर प्लेट आपुर्ति तथा जडान पश्चिमाञ्चाल एडभरटाइजिङ्ग ९८८०८३।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

**इन्धन खर्च :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ४ को उपदफा १ मा पदाधिकारीलाइ सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने उल्लेख छ ।त्यस्तै उपदफा ३ मा त्यस्तो सवारी साधनलाइ अनुसुची बमोजिम नगर प्रमुखर उपप्रमुखलाइ १२० लिटर इन्धन उपलब्ध गराउने उल्लेख गरेको छ । अनुसुचीमा उल्लेख भए बमोजिम इन्धन खर्च लेख्नुपर्नेमा बढी इन्धन खर्च लेखेको अनियमित देखिएको रु

| पदाधिकारी | लिन पाउने इन्धन | खर्च लेखेको इन्धन | बढी रकम | रकम |
|---|---|---|---|---|
| नगर प्रमुख | १४४० लिटर | २९८७ लिटर | १५४७। | २३२०५० |
| नगर उप प्रमुख | १४४० लिटर | ३७२५ लिटर | २२८५। | ३४२७५० |
| जम्मा | | | | ५७४८००। |

| अनियमित भएको | ५,७४,८०० |
|---|---|

**स्टेडियम प्याराफिट-**

१८५।०८०।३।२४ स्टेडियम प्याराफिट अबराव निर्माण सेवाबाट निर्माण कार्य गराई रु.३१९७४२२।- यो बिलबाट खर्च भएको छ। प्राप्त नापी किताब अनुसार ४२२९ केजी फलामे डण्डी प्रयोग भएकोले सडकको नर्म्समा दक्ष कामदार र अदक्ष कामदारको ज्याला प्रति केजी मूल्य अभिवृद्धि कर समेत रु.१०.१८ घटी हुँदा सो अनुसार ४२२९८ केजीको रु.४३०५९३।- र सोको मूल्य अभिवृद्धि कर समेत रु ४४६५७०। खर्च लेखि बढी व्ययभार नपारेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४,४६,५७० |
|---|---|

**स्कूल भवन-**

४०२।०८०।३।१९ पर्रोहा स्कुल केएफ केजी जयअम्बे जेभी ठेक्का नम्बर २।०७७।०७८ भवन निर्माण रु.२८८७७०००।- सम्झौता भएकोमा समयमा सम्पन्न नगरेकोले रु.५१९८०२।- एलडी जरिवाना लगाएको पाइयो। उक्त रकम सङ्घीय राजस्व दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,१९,८०२ |
|---|---|

**ढोरपाटन बसपार्क-**

२८२।०८०।३।२४ ढोरपाटन बसपार्क हेवन निर्माण सेवाले निर्माण गरी यो बिलबाट रु.६१३५३७१।- भुक्तानी गरेको छ। नापी किताब अनुसार ट्याककोट १२७५ लिटर खर्च लेख्नुपर्नेमा २१२५ लिटर खर्च लेखेकोले बढी ८५० लिटरको प्रति लिटर रु.१५० को दरले रु.१२७५००।- सोको मूल्य अभिवृद्धि कर सहित बढी भुक्तानी भएको व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,४४,०७५ |
|---|---|

**सडक ग्राभेल-**

पालिकाले वडा स्तरीय सडक ग्राभेल को प्रतिघनमिटर रु.२४८३.७ दर विश्लेषण गरी उपभोक्ताबाट गराई रु. ९४०७०००।-भुक्तानी गरेको छ। भौ.नं.३४८,३४९,३६७,३७३ र ३७३ देखि ३९९ सम्म बाट ३८१८ घनमिटर प्रति घनमिटर रु.२४८३.७ को दरले



CamScanner

रु.७९८६०२६।- खरिद गरेको छ। सो दर विश्लेषणमा लोड अनलोड ४२५ उल्लेख गरेकाले मेसिनको भाडा अनुसार प्रति घनमिटर १३० पाउने र अनलोड हाइड्रोलिक भएर गर्न नपर्ने हुँदा लागत अनुमान यथार्थ नहुँदा २९५ भुक्तानी गर्न मिल्ने देखिएन क्षति हुने २८ प्रतिशत समेत ३१७० घटना मिटरको रु.२९५ को दरले रु.९३७८४५ बढी व्ययभार पारेको अनियमित रु.

| अनियमित भएको | ९,३७,८४५ |
|---|---|

**नगरपालिका पूँजिगतः**

१ नगरपालिकाले यो वर्ष उपभोक्ता समितिबाट सञ्चालन गरेको योजना स्थिति हेदाय बमोजिम भएको विवरण पेश भएको छ ।

| वडा नं. | योजना संख्या | कूल सम्झौता | सहभागिता | निकासा/खर्च | विषय |
|---|---|---|---|---|---|
| न.पा. | 42 | 27989 | 2894 | 24595 | न.पा. |
| 1. | 18 | 12177 | 1227 | 11950 | वडास्तरिय |
| 2. | 17 | 7294 | 744 | 6255 | वडास्तरिय |
